# महिला विकास समुह/ समिति,निगरानी समुह गठनतथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८२

दार्मा गाउँपालिका, सल्यान

कर्णाली प्रदेश

नेपाल

**दार्मा गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड -९ सङ्ख्या : ९ मिति : २०८२/१२/०४**

**भाग -१**

**दार्मा गाउँपालिका**

गाउँसभाबाट स्वीकृत मिति :२०८२/११/२८

प्रमाणिकरण मिति : २०८२/१२/०४

# महिला विकास समुह/ समिति,निगरानी समुह गठनतथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८२

**प्रस्तावना:**
नेपालको संविधान, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ मा गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आवश्यक कानुन बनाउन सक्ने भन्ने व्यवस्था अनुसार दार्मा गाउँपालिकाले समुदायमा बसोबास गर्ने सम्पूर्ण महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक एवं सांस्कृतिक पक्षहरूमा अधिकार, सहभागिता बढाउन तथा महिला विकास सम्बन्धी गाउँपालिका स्तरमा निर्धारित कार्यक्रमहरू सञ्चालन गर्दै दार्मा गाउँपालिकाको दिगो विकासमा महिलाहरूको सहभागिता गरी सशक्तिकरण गराउन गाउँपालिकाको यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**
(क) यस कार्यविधिको नाम "महिला विकास समूह/समिति तथा निगरानी समूह सञ्चालन कार्यविधि, २०८२" रहनेछ।
(ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि दार्मा गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

**२. परिभाषा:**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—
(क) "अध्यक्ष" भन्नाले दार्मा गाउँकार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ।
(ख) "उपाध्यक्ष" भन्नाले दार्मा गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।
(ग) "कार्यपालिका" भन्नाले दार्मा गाउँकार्यपालिका सम्झनुपर्दछ।
(घ) "गाउँपालिका" भन्नाले दार्मा गाउँपालिका सम्झनुपर्दछ।
(ङ) "महिला तथा बालबालिका शाखा" भन्नाले दार्मा गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनुपर्दछ।

**परिच्छेद २**

**महिला विकास समूहको गठन तथा उद्देश्य**

**३. उद्देश्य:**
महिला विकास समूह गठन गर्नुको मुख्य उद्देश्यहरू निम्नानुसार हुनेछन्:
(क) टोल बस्तिहरूमा विभिन्न विकास क्रियाकलापबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरूको पहुँच अभिवृद्धि गर्ने

(ख) गाउँ समुदायदेखि स्थानीय स्तरमा हुने विभिन्न कार्यक्रमहरूमा महिलाहरूको सहभागिता सुनिश्चित गर्ने।

(ग) महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिक लगायतका विषयहरूमा जागरुक गराउँदै उनीहरूको हक अधिकारप्रति सचेत गराउने।

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एवं समानता कायम गर्ने।

(ङ) समाजमा पछाडि परेका/पारिएका महिलाहरूलाई विभिन्न सचेतनामूलक कार्यक्रममा सहभागी गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने।

(च) विभिन्न सिपमूलक तालिमहरू सञ्चालन गरी आयआर्जनको क्षेत्रमा महिलाहरूलाई अगाडि बढाई आर्थिक रूपमा सबल हुन सहयोग गर्ने।

(छ) पिछडिएका क्षेत्रहरूमा बसोबास गरेका महिला हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याबाट महिला तथा बालबालिकालाई जोगाउन सहयोग गर्ने।

(ज) समुदाय स्तरमा आपसी सद्भाव, सहकार्य, समन्वय, मेलमिलाप एवं समताको भावना जागृत गराउने।

(झ) समाजका नीति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई असर गराउँदै बौद्धिक एवं आर्थिक रूपमा सक्षम बनाउन सहयोग गर्ने।

**४. महिला समूह, महिला समिति निगरानी समूहको गठनः**

(१) टोल स्तरिय महिला समूहको गठन देहाय बमोजिम हुनेछः
(क) प्रत्येक घरबाट महिला सदस्य एक घर एक महिला रहने गरी टोल स्तरमा एक महिला समूह गठन हुनेछ।
(ख) समूहमा आर्थिक रूपमा विपन्न, हिंसामा परेका महिला तथा दलित वर्गसमुदायका महिलालाई प्राथमिकता दिइनेछ।
(ग) महिला विकास समूह सामूहिक भेलाबाट मनोनयन गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकतानुसार महिला समूह/समितिको कार्यसमिति गठन हुनेछ र बढीमा ३०-४० जना सम्म सदस्य रहने गरी समुह/समिति गठन हुनेछ।।
(घ) महिला विकास समूह २० वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेका महिला सदस्य रहनेछन्।

(२) वडास्तरीय महिला समितिको गठन देहाय बमोजिम हुनेछः
(क) प्रत्येक टोलका महिला समूहबाट कम्तीमा २/२ जना सदस्य रहने गरी प्रत्येक वडा स्तरमा बढीमा दुई वटा सम्म वडास्तरीय महिला समिति गठन गरिनेछ।

(ख) समितिमा वडाभित्रका महिला जनप्रतिनिधिको सहभागिता रहने समूहका प्रतिनिधिहरूको बैठकले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षको छनोट गर्नेछ।

(ग) एक वडामा दुई वटा समिति गठन गर्नुपर्ने भएमा गाउँपालिकामा  मनासिब कारण पेश गरेमा मात्र दोस्रो समिति दर्ता हुनेछ।

(घ) समितिमा सात (७) देखि आवश्यकतानुसार पन्ध्र (१५) जना सम्मको कार्यसमिति गठन गर्न सकिनेछ।

(३) गाउँपालिका स्तरीय निगरानी समूहको गठन देहाय बमोजिम हुनेछः
(क) सम्पूर्ण वडाका महिला समूहहरूको निगरानी, परिचालन, सुपरिवेक्षण तथा व्यवस्थापन गर्नको निमित्त गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा १५ सदस्यीय गाउँपालिका स्तरीय निगरानी समूह गठन हुनेछ।
(ख) गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा अध्यक्षतामा प्रत्येक वडाको महिला समितिले सिफारिस गरेका मध्येबाट १/१ जना सदस्य।
(ग) उपाध्यक्षबाट मनोनित दलित/जनजाति/विपन्न मध्येबाट ३ जना सदस्य।
(घ) गाउँपालिकाको महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी सदस्य सचिव रहने।

**परिच्छेद ३**

**महिला विकास समूह/समितिको दर्ता/स्वीकृति तथा पुरस्कार**

**५. दर्ता/स्वीकृति:**
(१) महिला विकास समूहको दर्ता/स्वीकृति देहाय बमोजिम हुनेछः
(क) प्रत्येक टोलमा गठन हुने/भएका महिला विकास समूह/समिति गाउँपालिकाको महिला तथा बालबालिका शाखामा स्वीकृत हुनुपर्नेछ। महिला समुह समिति  दर्ता गर्दा शुल्क लाग्नेछैन।
(ख) महिला विकास समूह/समितिको बैठकमा बहुमतबाट गरेको निर्णय सम्बन्धी वडा कार्यालयको सिफारिस सहित आएको निवेदन मार्फत गाउँपालिकाले अनुसूची १ बमोजिम निवेदनमा दर्ता गरिनेछ।
(ग) महिला विकास समूह/समितिलाई गाउँपालिकामा दर्ता/स्वीकृति गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूची–२ मा उल्लेख गरिएको छ।
(घ) महिला विकास समूह/समितिबाट निर्णय गरी दर्ताको लागि निवेदन पेश गरेमा सम्बन्धित गाउँपालिकाले अनुसूची–३ बमोजिम ढाँचामा महिला विकास समूह/समिति दर्ता प्रमाण पत्र प्रदान गर्नेछ।
(ङ) समूह/समितिले गरेका वार्षिक कार्यक्रमहरूको प्रतिवेदन पेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ (तीन) महिनाभित्र अनुसूची ४ बमोजिमको ढाँचामा समूह/समिति दर्ता/स्वीकृति नवीकरण गर्नुपर्नेछ।

(२) महिला विकास समूह/समितिले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले महिला विकास समूह/समितिको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला विकास समूह/समिति गठन हुन सक्नेछ।

६. पुरस्कार गर्नेः उत्कृष्ट काम गरी नमुनाको रूपमा विकास हुने कुनै तीन वटा महिला विकास समूह/समितिलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कार गर्नेछ।

**परिच्छेद – ४**
**समूह/समितिका कार्यहरू**

७. **महिला विकास समूह, महिला विकास समिति तथा निगरानी समूहका कार्यहरूः**
(१) महिला विकास समूहको कार्यहरू देहाय बमोजिम हुनेछः
(क) समाजमा आयोजित विभिन्न सामाजिक, राजनीतिक कार्यक्रमहरूमा महिलाको सहभागिता सुनिश्चित गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
(ख) छाउपडी प्रथा, छुवाछुत, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको न्यूनीकरण तथा अन्त्यका लागि कार्यक्रमहरू सञ्चालन गर्ने।
(ग) समाजमा हुने अन्याय, अत्याचार, विभिन्न कुरीति तथा महिला हिंसा विरुद्ध सामूहिक आवाज उठाउने।
(घ) महिला तथा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने।
(ङ) विभिन्न सामाजिक, आर्थिक तथा जनस्वास्थ्य विषयहरूमा महिलाहरूलाई जागरूक गराउने।
(च) आफ्नो समुदायमा वातावरण तथा बालमैत्री वातावरण बनाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने।
(छ) समुदायमा महिलाहरूको सशक्तीकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उत्कृष्ट सदुपयोग गर्ने।
(ज) समुदायमा महिलाहरूलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरू प्रदान गर्ने तथा गाउँ र गाउँसम्बन्धी विभिन्न विकास निर्माणका कार्यक्रमहरूमा महिलाहरूको उत्कृष्ट सहभागिता जनाउने।

(२) **महिला समितिका कार्यहरू देहाय बमोजिम हुनेछः**
(क) महिलाको हित हुने खालका कार्यक्रम तथा योजनाहरू माग गर्ने तथा विकास निर्माणमा वडा समितिमा सहयोगी भूमिका निर्वाह गर्ने।
(ख) वडाका प्रत्येक टोलहरूमा रहेका सवालहरू, विकृति तथा विसङ्गतिको विषयमा घनिभूत छलफल गरी निराकरणका लागि वडा समितिसमक्ष सुझाव तथा सल्लाह दिने।
(ग) टोलमा हुने अपराधिक घटनाको विषयमा सत्य तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने।
(घ) महिला विकास समितिले बढाइएका समन्वयकारी भूमिका निर्वाह गर्ने।

(छ) गाउँपालिका र महिला विकास समूहलाई जोड्ने पुलको कार्य गर्ने।
(ज) महिला विकास समूहलाई आवश्यक सम्पूर्ण सहयोग गर्ने।
(झ) महिला समूहले गर्ने कार्यक्रमहरूमा सहयोग जनाउने।
(ञ) गाउँपालिका तथा नमुना टोल निर्माणका लागि उपाय खोजी गरी लागू गर्ने।

(३) **निगरानी समूहका कार्यहरू देहाय बमोजिम हुन्छन्,**
(क) गाउँपालिकासँग नियमित सम्पर्कमा रहने।

(ख) महिला समूह तथा महिला समितिको निरीक्षण एवं सुपरिवेक्षण गर्ने।
(ग) महिला अधिकार, महिलाका विभिन्न सवालहरूको विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने।
(घ) नमुना टोलस्तरीय महिला विकास समूह पहिचान गरी पुरस्कार गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने।
(ङ) महिलाहरूको सचेतना अभिवृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने।
(च) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने।
(छ) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने।
(ज) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका सकारात्मक बिन्दुका आधारमा विभिन्न अवसर प्रदान गर्न पहल गर्ने।
(झ) महिला समूहलाई विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि तालिम, जनचेतना तथा आवश्यक सहयोग गर्ने।
(ञ) गाउँपालिका तथा विभिन्न संघ संस्थाबाट आएका तालिम, कार्यक्रम, सहयोगलाई महिला समूहहरूमा न्यायोचित ढङ्गले पुऱ्याउने तथा महिलाहरूको आवश्यकतालाई ध्यानमा राखी गाउँपालिका तथा सम्बन्धित निकायमा सिफारिस गर्ने।

**परिच्छेद ५**
**महिला समूहको बैठक**

८. **महिला विकास समूहको बैठक:** महिला विकास समूहको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः
(क) महिला विकास समूहको सदस्यहरूको हित, सहयोग एवं समन्वयका लागि महिला समूहको बैठक महिनाको कम्तीमा १ पटकमा गर्नुपर्नेछ।
(ख) समूहको बैठकमा वडामा रहेका महिला प्रतिनिधिहरू, सामाजिक परिचालक लगायत अन्य सरोकारवालाहरूलाई आमन्त्रित गर्न सकिनेछ।

**परिच्छेद ६**
**विविध**

१२. यो कार्यविधि प्रचलित ऐन नियमहरूको अधीनमा बाध्यकारी हुनेछ।
१३. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँपालिकाको बैठकको निर्णय अनुसार फुकाइनेछ।
१४. यो कार्यविधि समयसापेक्ष र आवश्यकताअनुसार संशोधन गर्ने अधिकार विशेष गाउँपालिकामा रहनेछ।

**अनुसूची–१**
(दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

१. **प्रारम्भिक:**
संक्षिप्त नाम र प्रारम्भ:
(क) यो विधान ....................................... महिला समूह/समितिको विधान हुनेछ।
(ख) यो समूहको नाम ....................................... हुनेछ।
(ग) यो विधान ....................................... महिला समूह/समितिको साधारण सभाबाट स्वीकृत भएको मितिले लागू हुनेछ।
(घ) यस समूह/समितिको कार्यालय ....................................... मा रहनेछ।
(ङ) समूह/समितिको सीमा देहाय बमोजिम हुनेछ।

पूर्व ................................
पश्चिम ..............................
उत्तर ................................
दक्षिण ................................

२. **परिभाषा:**
विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा–
(क) समूह भन्नाले ................................ महिला समूहलाई सम्झनु पर्दछ।
(ख) समिति भन्नाले महिला विकास समूहको सम्पूर्ण संस्थालाई सम्झनु पर्दछ।
(ग) विधान भन्नाले महिला समूह/समितिको विधानलाई सम्झनु पर्दछ।
(घ) साधारणसभा भन्नाले समूह/समितिको साधारण सदस्यहरूको भेलालाई सम्झनु पर्दछ।
(ङ) कार्यसमिति भन्नाले महिला विकास समूहबाट चयन भएको कार्यसमितिलाई सम्झनु पर्दछ।
(च) बैठक भन्नाले समूह/समितिको संयुक्त वा छुट्टै बैठकलाई सम्झनु पर्दछ।

(छ) पदाधिकारी छनोट समूह/समितिका कार्यसमितिका अध्यक्ष सचिव कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ ।

३. समिति हुनेः
(क) समितिको कुनै पदमा रहँदा समितिले व्यक्ति स्तर आफ्ना निजामत कार्य गर्न सक्नेछ ।
(ख) समूह/समितिको नाममा रकम प्राप्त गर्ने, प्रयोग गर्ने सम्बन्धमा आफ्नो अधिकार समिति विधि अनुसार हुनेछ ।
समूह/समिति विघटन भएमा समूह/समितिको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

समितिका उद्देश्यः
समूहको सामुदायिक, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमका उद्देश्य हुनेछन् ।
(क) सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी समुदाय विकास गर्ने ।

(ख) समूहका बालबालिकाको आयाम वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने।
(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउने स्थानीय सरकारका कार्यक्रमहरु क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने।
(घ) समूहलाई सहमतिमूलक योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागिता गराउने।

महिला विकास समूह कार्यसमितिको गठनः
महिला विकास समूह कार्यसमितिको गठन निम्न बमोजिम हुनेछः
(क) प्रत्येक टोलबाट एक महिला सदस्य एक घर एक महिला रहने गरी टोल स्तरमा एक महिला समूह गठन गरी।
(ख) समूहमा उपस्थित भएका सदस्यहरुको सर्वसम्मत निर्णयबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकतानुसार सात जना सदस्य रहने गरी एक महिला समूहको कार्यसमिति गठन हुनेछ।
(ग) महिला समूह कार्यसमितिको कार्यकाल प्रत्येक दुई वर्षमा आफ्नै सहमतिमा हेरेर गर्न सकिने छ।

समूहका कार्यहरुः
महिला विकास समूहका कार्यहरु देहाय बमोजिम हुनेछन्।
(क) प्रत्येक टोल स्तरमा सम्भव भए सम्म सबै घर परिवारका महिला सदस्य सहभागि भएको महिला समूह गठन गर्ने।
(ख) समूहका सदस्यहरुलाई उद्यमशीलता तर्फ गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने।
(ग) एच.आई.भी./एड्स, बाल श्रम, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक कुसंस्कार पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने।

(घ) विभिन्न सामाजिक, आर्थिक तथा जनचेतनाका विषयहरुमा महिलाहरुलाई जागरुक गराउने।
(ङ) आफ्नो समुदायलाई बालमैत्री बनाउन कार्यक्रमहरु सञ्चालन गर्ने।
(च) समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासका लागि विभिन्न श्रोतसाधन साधन स्रोतको उपयुक्त सदुपयोग गर्ने।
(छ) समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अघि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने।
(ज) टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उपयुक्त सहभागिता गराउने।

महिला सहकारी समूह पदाधिकारीको काम, कर्तव्य र अधिकार

महिला सहकारी समूह पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समूहको अध्यक्षको काम, कर्तव्य र अधिकार

➢ समूहको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।

➢ बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने।

➢ बैठक अनुसारको पालना गर्न लगाउने र छलफलका विषयहरु निर्णय गर्न वा गराउने।

- छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्ने पहल गर्ने ।
- निर्णयहरुलाई लागू गर्न गराउन आवश्यक निर्देशन दिने ।
- विकासका कार्यक्रमहरुलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
- समूहले आजसम्म प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
- विशेष बैठक आवश्यक परे सो सम्बन्धमा बैठक बोलाउने ।
- कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) समूहको सचिवको काम, कर्तव्य र अधिकार

- अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
- बैठकको विवरण सदस्यहरु बिच बाँड्ने तथा लिखित माग गरिएको विषय बमोजिम बैठक बोलाउने ।
- छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।
- सहभागी क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।
- तोकिएबमोजिम अन्य कार्य गर्ने ।

(ग) समूहको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

- समूहको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
- बैठकबाट स्वीकृत कार्यका लागि खर्च सञ्चालन गर्ने ।
- समूहको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) समूहका सदस्यहरुको काम, कर्तव्य र अधिकारः

- गाउँपालिका, वडा तथा महिला विकास समितिसँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार कार्य गर्ने ।
- समूहको विधान विकास गर्ने ।
- समूहका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने ।
- आवश्यकताअनुसार समूह सञ्चालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
- आवश्यकताअनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सहयोग गर्ने ।
- तोकिएबमोजिम अन्य कार्य गर्ने ।

सदस्यता समितिमा सदस्यता देहाय बमोजिम हुनेछः

(क) यस विधान बमोजिम समिति समूह प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने टोलका प्रत्येक घरधुरीका

महिला सदस्य यस समूहको सदस्य हुनेछ।
(ख) सदस्य बन्न इच्छुक नयाँ महिलालाई समूहले तोकि बमोजिम समूहमा दरखास्त दिएपछि सदस्यता प्रदान गरिनेछ।

सदस्यता रहने/नरहने अवस्थाः
(क) सदस्यको मृत्यु भएमा।
(ख) सदस्यले दिएको दरखास्त परिवारको लिखित निवेदन समूहले स्वीकृत गरेमा तर समूहको निर्णय सर्वसम्मत नभएमा साधारण सभामा पेश गर्न र साधारण सभाको निर्णय अन्तिम हुनेछ।
(ग) सदस्यता शुल्क नतिरेको वा समूहको निर्णय पालना नगरेमा समूहले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराउने।
(घ) महिलालाई मानसिक हिंसा वा कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समूहले सदस्यबाट हटाउने निर्णय गर्ने। तर सम्बन्धित महिलालाई सफाइ दिने अवसरबाट वञ्चित गर्ने छैन र यस सम्बन्धमा समूहको निर्णय साधारण सभाको निर्णय अन्तिम हुनेछ।
(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा।

साधारण सभाको गठन र कार्य प्रणाली
साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछः

➤ समूहको/समितिको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ।

➤ साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्ने, निजको अनुपस्थितिमा समितिको सचिव र निजको अनुपस्थितिमा समितिको कुनै सदस्यले गर्ने।

➤ साधारण सभा समूह/समितिको सर्वोच्च निकाय हुनेछ।

साधारण सभाको काम, कर्तव्य र अधिकार साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

➤ अध्यक्ष, सचिव र कोषाध्यक्षले क्रमशः आ-आफ्नो क्षेत्रमा परेको कार्यकालको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने।

➤ वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने।

➤ सबै सदस्यहरू भेला भई समितिको विधान संशोधन गर्ने।

➤ आवश्यकताअनुसार सल्लाहकार मनोनयन गर्ने।

➤ समूह/समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

**१३. आर्थिक व्यवस्था**

क) समूहको देहायबमोजिम आर्थिक स्रोत रहनेछ।

- सदस्यबाट प्राप्त रकम
- सरकार तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान (समूहको क्रियाकलापको सिलसिलामा प्राप्त)

- दान तथा पुरस्कार
- अन्य आम्दानी

ख) प्रत्येक आर्थिक सालमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समूहको हुनेछ ।
ग) समूह/समितिको नाममा प्राप्त वा खरिद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएको बमोजिम हुनेछ ।

**१४. कार्यसमिति पदाधिकारीको राजिनामा**
क) समूह/समितिका सदस्यहरूले आफ्नो पदबाट राजिनामा दिन चाहेको अवस्थामा अध्यक्ष समक्ष दिन सक्नेछ ।
ख) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत समूहको बैठकमा पेश गर्नेछ र सो उपर समूह/समितिले सिफारिस गरी समूह/समितिले निर्णय गर्ने बमोजिम हुनेछ ।

**१५. विघटन**
समूह/समितिको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकी वा उद्देश्य पूरा गर्न असफल भए वा २ वर्षसम्म समूह/समिति निष्क्रिय भएमा विघटन हुनेछ । यसरी समूह विघटन भएमा बचत रकम सम्बन्धित संस्थामा फिर्ता गरिनेछ ।

**१६. विविध**
क) विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरिसकेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरूको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ ।

ख) प्रचलित ऐन नियमहरूको बाझिएका बुँदाहरू स्वतः खारेज हुनेछ ।

**अनुसूची – २**
दफा ५ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित

महिला विकास समूह/समिति दर्ता गर्न निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
फारुलाचौर ,सल्यान ।

**विषयः– महिला विकास समूह/समिति दर्ता सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस दार्मा गाउँपालिका वडा नं. ............ को ........................ टोलमा गठन गरिएको तपसिल बमोजिम पदाधिकारी रहेको ........................ महिला विकास समूह/समितिले दर्ता प्रमाणपत्र पाउनको लागि दर्ता / स्वीकृति गरी महिला विकास समूह/समिति प्रमाणपत्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

**तपसिलः**

| सि.न | नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | | अध्यक्ष | | |
| २. | | उपाध्यक्ष | | |
| ३. | | कोषाध्यक्ष | | |
| ४. | | सचिव | | |
| ५. | | सदस्य | | |
| ६. | | ............ | | |

## अनुसूची ३

दफा ५ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
फारुलाचौर, सल्यान ।

**प्रमाणपत्र ।**

दार्मा गाउँपालिका वडा नं. ...... स्थित ....................... मा गठन भएको ....................... महिला विकास समूह/समितिलाई यस कार्यालयमा मिति ................ मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको विधि, नीति, कार्यक्रम, आर्थिक, सामाजिक, भौतिक, पूर्वाधार सम्बन्धी काममा सहयोग गर्ने विकास तथा सेवामूलक कार्यहरूमा महिला विकास समूह/समितिको सक्रियता साथै उत्तरदायित्व प्रती सुभकामना व्यक्त गर्दछु ।

दर्ता नम्बरः
दर्ता मितिः

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ४

दफा ५ को उपदफा( १)  को खण्ड  ( ङ ) सँग सम्बन्धित

महिला विकास समूह/समिति नविकरण

महिला विकास समुह/समितिको नामः

ठेगानाः

| क्र.स | नविकरण गरेको मिति | समुह/ समिति दर्ता नं. | अवधि | | प्रमाणित गर्ने पदाधकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत